जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ४८ २०८२ साल भदौं २८ गते शनिबार (13 Sep 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वीरगञ्ज भन्सारबाट अत्यावश्यक ... ३ पृष्ठमा : जितिया पर्वको तयारीमा... ३ पृष्ठमा : ट्रम्पको दवाबले ...

## आन्दोलनका क्रममा चोरी तथा लुटपाट गरेर लगेका सम्पत्ति सात दिन भित्र बुझाउन प्रशासनको चेतावनी



**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौ ।**

जेनजी आन्दोलतनका क्रममा विभिन्न सरकारी निकाय, प्रतिष्ठान र कार्यालयहरुबाट मंगलबार चोरिएका र लुटिएका जीन्सी र नगद सात दिन भित्र बुझाउन स्थानीय प्रसाशनले एक सूचना मार्फत चेतावनी दिएको छ ।

शुक्रबार जिल्ला प्रशासन कार्यालय सप्तरीले उक्त सूचना जारी गर्दै सात दिनको अवधि भित्र चोरिएका र लुटिएका सार्वजनिक सम्पत्ति फिर्ता नगरिए प्रचलित कानून बमौजिम कारवाहि प्रक्रिया अघि बढाउने चेताबनी दिएको हो ।

गत मंगलबार जेनजी समुहको ध्वासांत्मक आन्दोलनका क्रममा याहाँका आधा दर्जन भन्दा बढी सरकारी कार्यालयहरुमा आगजनी र तोडफोड गरिएको थियो ।

यस क्रममा पूर्वाधार विकाश कार्यालय, डिभिजन वन कार्यालय, हुलाक कार्यालय, नापी कार्यालय, सप्तरी जिल्ला आदालत, उच्च अदालत जनकपुर राजबिराज ईजलास, राजबिराज नगरपालिका, सघन सहरी लगायका कार्यालयहरुमा व्यापक तोडफोड र आगजनीसगै लाखौ मूल्य बराबरको सम्पत्ति समेत लुटेर लगिएको थियो ।

यसरी चोरी तथा लुटेर लग्दै गरेको दृश्य र प्रमाणहरु सीसी टिभि फुटेज, टीकटक, फेसबुक र बिभिन्न संचार माध्यमबाट समेत स्पट भईसकेको उल्लेख गर्दै सूचना मार्फत लुटिएका र चोरी गरी लगिएका सम्पत्ति सात दिन भित्र जिल्ला प्रशासन कार्यालयमा नबुझाए कानूनी कार्वाहीमा पर्नेतर्फ सचेत पनि गराईएको छ ।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले आन्दोलनको निहुँमा लुटपाट र चोरी गर्ने अधिकाशको बिभिन्न माध्यमबाट पहिचान भईसकेको र सार्वजनिक सम्पत्ति सात दिन भित्र फिर्ता ल्याउन सम्बन्धित व्यक्तिलाई एक मौका दिएको बताए ।

सूचनाको अवज्ञा गरी सात दिन भित्र राष्टको सम्पत्ति फिर्ता नल्याए त्यस्ता व्यत्तिलाई नियन्त्रणमा लिएर कानूनी कार्वाही अघि बढाउने उनको भनाई छ ।

आन्दोलनका क्रममा आएको प्रदर्शनकारीको हुलले विभिन्न कार्यालयहरुमा तोडफोड र आगजनी गर्न थालेपछि कर्मचारीहरुमा भागाभाग मच्चिएको थियो । सोही मौका छोपेर प्रदर्शनकारीको हुलमा मिसिएका कतिपय युवाहरु कार्यालयका जिन्सी सामान र नगद रकम लुटपाट र चोरी गरि घर लगेका थिए ।

## थप १५ जना कैदीबन्दी पक्राउ, एक कैदी मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौ ।**

कारागार कार्यालय सप्तरीबाट फरार भएकाहरु मध्येबाट थप १५ जना कैदीबन्दीलाई प्रहरीले पक्राउ गरेको छ भने जना कैदी मृत फेला परेका छन ।।

प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार सप्तरीको बलान बिहुल गाउँपालिका ४ बस्ने ५० बर्षका कर्तब्य ज्यान मुद्दाका कैदी तुरन्तलाल बरही मृत भेटिएको हुन् । उनी जिल्लाको बिष्णुपुर गाउँपालिका ६ रन्जीतपुरमा रहेको आँपको रुखमा झुण्डीएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीले जिल्लाको बिभिन्न स्थानबाट बिहीबार मात्रै १५ जना र बुधवार भने ३७ जना गरि अहिले सम्म ५२ जना कैदीबन्दीलाई पक्राउ गरिसकको छ । एक जना कैदी भने आफै प्रहरी समक्ष आत्मसर्मपन गरेका छन । त्यस्तै सुनसरीको झुमका कारागारबाट फरार रहेका पाँच जना कैदीलाई सप्तरीबाट पक्राउ गरी उक्त कारागारमा पठाइएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिए ।

यता अन्य फरार कैदीबन्दी भारततर्फ भाग्न सक्ने अनुमानका साथ सिमानाका क्षेत्र समेतमा खोज तलास तीब्र बनाईएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कारागार भित्र आगजनी तथा मुल ढोकाको ताल्चा फुटाएर बुधवार २ सय ५ जना कैदीबन्दी फरार भएका थिए । कारागारमा पुरुष कैदीबन्दीका 'ए र बी' गरी दुई ब्लक तथा महिला कैदीबन्दीका लागि छुटै गरी कुल तीन ब्लकमा हाल ३ सय ९७ कैदीबन्दी रहेका थिए ।

## सन्तानब्बे नाल हतियार बरामद भएको छ : नेपाली सेना

काठमाडौं, २७ भदौ (रासस) ।

जेनजीको प्रदर्शनपछि भएका घटनामा मुलुकका विभिन्न स्थानबाट लुटिएकामध्ये हालसम्म ९७ नाल हतियार बरामद भएको नेपाली सेनाले जनाएको छ ।

यस अवधिमा राजधानीको सुन्धरास्थित केन्द्रीय कारागारबाट भागेका चार जना कैदीबन्दी तथा डोटी सिलगढीस्थित बालसुधार गृहबाट भागेका तीन जना बालबन्दीलाई नियन्त्रणमा लिइएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

धादिङको गजुरी कारागारबाट भागेका ३९ जना कैदी र बाँकेको डडुवास्थित जयन्दु बालसुधार गृहबाट फरार भएका १६ जना बालबन्दीलाई पनि सेनाले नियन्त्रणमा छ ।

बाँकेको नेपालगञ्जस्थित जिल्ला कारागारमा होहल्ला तथा आगजनी गरी बाहिर निस्कन खोजेका कैदीबन्दीलाई नियन्त्रणमा लिइएको र त्यसक्रममा एक जना कैदी घाइते भएको पनि सेनाले जानकारी दिएको छ ।

सेनाले काभ्रेपलाञ्चोकको बनेपा-९ स्थित नयाँ बस्तीमा फेला परेको आठ वटा सकेट बम सुरक्षित साथ डिस्पोज गरेको जनाएको छ ।

ललितपुरको भैँसेपाटीका स्थानीयले तोडफोडमा परेको त्यहाँको प्रहरी चौकी सरसफाई गरी प्रहरीलाई बस्नका लागि आमन्त्रण गरेको जानकारी दिइएको छ ।

## जेनजी प्रदर्शनमा मृत्यु हुनेको संख्या ५१

**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौ ।**

जेनजी प्रदर्शनमा मृत्यु हुनेको संख्या ५१ पुगेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी बिनोद घिमिरेले मृतकको संख्या ५१ पुगेको बताए ।

जसमा काठमाडौं उपत्यकामा मृतक भएकादेखि अन्य जिल्लाहरुको पनि जोडिएको छ । तीन प्रहरी, एक भारतीय महिलासहित ५१ जनाको मृत्यु भएको प्रहरीले बताएको छ ।

पहिलो दिनको प्रदर्शनको क्रममा मृत्यु हुनेको संख्या २१ थियो । कैदीमात्रै ९ जना मारिए । देशभरिका विभिन्न ५२ अस्पतालमा २ सय ८४ जना घाइतेको उपचार भइरहेको र समग्रमा एक हजार ७ सय ७१ जना घाइतेको उपचार गरिएको छ । घाइतेको अस्पतालले निःशुल्क उपचार गरिरहेका छन् । ङ्कदरु

हाल निजामती कर्मचारी अस्पतालमा २३, ट्रमा सेन्टरमा ३२, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेज ३५, नेपाल पुलिस अस्पतालमा २८, झापाको बिएन्डसी अस्पतालमा ५३ जनाको उपचार भइरहेको छ ।

यस्तै, प्रदर्शनका क्रममा घाइते भएका १ हजार ३ सय ७९ जना बिरामी उपचारपश्चात् घर फर्किसकेका छन् ।

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:
❖ पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
❖ चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
❖ खेतीपातीमा विपादीको प्रयोग घट्छ,
❖ फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ बोटविरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
❖ एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
❖ मृत जनावरको मासु खाई बातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
❖ चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
❖ जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र बातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
❖ प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विधिको शासन र संविधानवादबाट बाहिर जानु हुँदैनः सभामुख/अध्यक्ष

काठमाडौँ, २७ भदौ (रासस)।
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सरकार निर्माणका क्रममा विधिको शासन र संविधानवादबाट बाहिर जान नहुने बताउनुभएको छ। उहाँहरूले शुक्रबार संयुक्त वक्तव्य जारी गरी आन्दोलनरत पक्षका माग सम्बोधन गर्दै अझ उन्नत, समृद्ध र बलियो लोकतन्त्रका लागि प्रतिबद्ध हुन सबैलाई अपिल गर्नुभएको छ।

सभामुख घिमिरे र अध्यक्ष दाहालले वक्तव्यमार्फत देशमा विद्यमान विषम परिस्थितिमा जनतामा निहित सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाधीनतालाई शिरोपर गर्दै संवैधानिक प्रक्रियाबाटै निकास दिन राष्ट्रपति रामचन्द्र पौडेलले पहल गरिरहनुभएको जानकारी गराउनुभएको छ। वक्तव्यमा भनिएको छ, 'यही भदौ २३ र २४ गते भएको जेन-जीको आन्दोलनका क्रममा भएको जनधनको क्षतिले हामीलाई स्तब्ध बनाएको छ, आन्दोलनको क्रममा ज्यान गुमाउनु हुने सबैप्रति हार्दिक श्रद्धाञ्जलि तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।'

आन्दोलनका क्रममा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँहरूले उपचारमा कुनै कमी हुन नदिन राज्यका सम्बन्धित संयन्त्रहरूलाई आग्रह गर्नुभएको छ। यही भदौ २४ गते बानेश्वरस्थित सङ्घीय संसद्‌भवन, सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयलगायत विभिन्न सरकारी कार्यालय, सरकारी तथा निजी आवास, सञ्चार गृह, व्यापारिक प्रतिष्ठान एवम् सार्वजनिक सम्पत्ति तथा ऐतिहासिक दस्तावेज नष्ट हुनेगरी भएको आगजनी र तोडफोडले मर्माहत बनाएको सभामुख र अध्यक्षको भनाइ छ।

# प्रजातान्त्रिक प्रक्रियाबाट शान्ति कायम गर्न अमेरिकी सिनेटरहरूको आग्रह

वाशिङ्गटन डिसी (अमेरिका), २७ भदौ (रासस)।
नेपालमा विकसित भएको घटनाबारे अमेरिकाको वैदेशिक मामिलासम्बन्धी कमिटीका सिनेटरहरूले प्रजातान्त्रिक प्रक्रियाबाट शान्ति कायम गर्न आग्रह गर्नुभएको छ। सिनेटरहरू जिन शहिन र क्रिस भ्यान होलेनले बिहीबार विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, "हालै नेपालमा भएको हिंसा, मानवीय क्षति र आगजनी अस्वीकार्य छ र हामीहरू पीडित र उनीहरूको परिवारजनप्रति गहिरो सहानुभूति व्यक्त गर्दछौं।"

नागरिकहरूको विरुद्ध चर्को दमन गर्नेहरूलाई उत्तरदायी बनाउन अपिल गर्दै विज्ञप्तिमा भनिएको छ, "नेपालले विगत दुई दशकमा प्रजातान्त्रिक अभ्यासको महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ, नागरिकको कडा योगदानले प्राप्त उपलब्धिहरूको रक्षा गर्नु वाञ्छनीय रहेको छ।" शान्ति, पूर्ण प्रजातान्त्रिक र गतिशील नेपाल नै नेपाली, अमेरिका र यस क्षेत्रको चासोको विषय भएको उल्लेख गर्दै विज्ञप्तिमा नागरिकको विश्वास जित्नका लागि भ्रष्टाचार नियन्त्रण र संस्थागत कमजोरीलाई नेपाल सरकारले सम्बोधन गर्ने विश्वास गरिएको छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# वीरगञ्ज भन्सारबाट अत्यावश्यक वस्तुको जाँचपास थालियो

पर्सा, २७ भदौ (रासस)।
'जेनजी' समूहको प्रदर्शनी र आन्दोलनका कारण देशमै सबैभन्दा धेरै राजस्व सङ्कलन गर्ने वीरगञ्ज भन्सार कार्यालयको सेवा प्रवाह दुई दिन ठप्प हुँदा अर्बौं राजस्व सङ्कलनमा नोक्सान बेहोर्नु परेको छ।

दैनिक औसतमा रु ७२ करोड राजस्व सङ्कलन गर्ने कार्यालयको गत मङ्गलबार र बुधबार दुई दिन राजस्व सङ्कलन लगभग ठप्प भयो। बिहीबारदेखि भने अत्यावश्यक पेट्रोलियम पदार्थ र औषधिजन्य वस्तुको भन्सार जाँचपास प्रक्रिया सुरु भएको छ।

भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले आन्दोलनका कारण कार्यालयमा मानवीय र भौतिक क्षति नभएकाले काम गर्न सहज भएको बताउनुभयो। "जेनजी समूहको प्रदर्शन र आन्दोलनका कारण मङ्गलबार र बुधबार दुई दिन भन्सार जाँचपासको काम लगभग ठप्प जस्तै रह्यो", उहाँले भन्नुभयो, "बिहीबार भने अत्यावश्यक पेट्रोलियम पदार्थ, ग्यासका बुलेट र औषधिजन्य पदार्थको जाँचपासको काम भएको छ। बिहीबार मात्रै करिब रु १० करोड भन्सार राजस्व सङ्कलन भएको छ।"

प्रमुख भन्सार प्रशासक ज्ञवालीले शुक्रबार बिहानदेखि अत्यावश्यक वस्तुको जाँचपास प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। पहिलेकै अवस्थामा फर्किन केही समय लागे पनि नियमित काम गरिने उहाँले बताउनुभयो।

प्रमुख भन्सार प्रशासक ज्ञवालीले शुक्रबारदेखि भने अत्यावश्यक सामान, बारा र पर्सामा जाने औद्योगिक वस्तु तथा सामानको पनि भन्सार जाँचपास प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो। "हाम्रो एकीकृत जाँचचौकी र सुक्खा बन्दरगाहमा आएका मालवाहक समानलाई सुरक्षित राखेका छौं।

स्थानीय प्रशासनले जाँचपास भएका मालवाहक सवारीसहितको समानलाई लैजाने सुरक्षा प्रत्याभूति गर्छ भने हामीले सबै खालका सामान पठाउन तयार छौं", उहाँले भन्नुभयो, "अहिले भन्सार कार्यालयमा केही आपूर्तिकर्ता आ-आफ्नो मालसमानको भन्सार जाँचपास प्रक्रिया अघि बढाउन आइरहनुभएको छ।"

भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयलाई गत आव २०८१/८२ मा रु दुई खर्ब १८ अर्ब ९५ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो, तर लक्ष्यको ८० दशमलव ३५ प्रतिशत अर्थात् रु एक खर्ब ७५ अर्ब ९३ करोड राजस्व सङ्कलन गरेको थियो। यद्यपि, कार्यालयले अघिल्लो आव २०८०/८१ मा भने रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। त्यस अवधिमा रु एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार रकम मात्र राजस्व सङ्कलन भएको थियो।

विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई गत आव आव २०८१/८२ मा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। त्यस अवधिमा रु ४९ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ।

विभागले अघिल्लो आवमा भने सुक्खा बन्दरगाहलाई रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राजस्व लक्ष्य निर्धारण गरेकामा रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार सङ्कलन गरेको छ। चालु आवको साउन १ गतेदेखि भन्सार कार्यालय र सुक्खा बन्दरगाह भन्सार कार्यालय गाभिएर सेवा प्रवाह गर्दै आइरहेका छन्। चालु आवको साउन महिनामा गाभिएका दुवै भन्सार कार्यालयले रु १८ अर्ब ३९ करोड ६७ लाख राजस्व सङ्कलन गरेका छन्।

कार्यालयका अनुसार चालु आवको साउन महिनामा लक्ष्यको ८७ दशमलव ६८ प्रतिशत राजस्व सङ्कलन भएको छ। साउनमा रु २० अर्ब ९८ करोड २१ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिएको थियो। कार्यालयले गत आवको साउन महिनामा रु १५ अर्ब ९२ करोड राजस्व सङ्कलन गरेको जनाएको छ। त्यसबेला रु दुई खर्ब ७३ अर्ब ३९ करोड ४८ लाख राजस्व सङ्कलन लक्ष्य निर्धारण गरिएको थियो।

# 'अहिलेको समयलाई कोर्स करेक्सनको रूपमा सदुपयोग गर्नुपर्छ'

काठमाडौँ, २७ भदौ (रासस)।
अर्थतन्त्रका जानकारहरूले 'जेनजी पुस्ता'को प्रदर्शनका कारण मुलुकले भौतिक रूपमा अत्यधिक क्षति व्यहोरे पनि निजी क्षेत्रले अहिलेको समयलाई कोर्स करेक्सनका रूपमा सदुपयोग गर्नुपर्ने बताएका छन्।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले यहाँ शुक्रबार आयोजना गरेको 'वर्तमान अवस्थामा अर्थतन्त्रका चुनौती र अबको बाटो' विषयक भर्चुअल अन्तरक्रियामा उहाँहरूले 'जेनजी पुस्ता'को प्रदर्शन बेथिति, कुशासन र भ्रष्टाचारविरुद्ध भएको उल्लेख गरेका छन्।

नेपाल सरकारका पूर्वअर्थसचिव रामेश्वर खनालले भ्रष्टाचारका विरुद्ध मुलुकभरबाट नागरिक एकसाथ जाग्नुलाई सकारात्मक रूपमा लिनुपर्नेमा जोड दिनुभयो।

"नयाँ पुस्ताको नेतृत्वमा मुलुकभरबाट भ्रष्टाचारविरुद्ध नागरिक एकसाथ जाग्नु हाम्रा लागि उपलब्धि हो, संविधान संशोधनलगायतका विषय पछि जोडिएका हुन्", उहाँले भन्नुभयो, "अब यो अवसरलाई सदुपयोग गर्दै सरकारले पुनःनिर्माण, नयाँ लगानीको अवसर सृजना र लगानीकर्ताको आत्मविश्वास बढाउनुपर्ने विषयलाई प्राथमिकता दिनुपर्छ।"

पूर्वसचिव खनालले अहिलेको समस्या प्राकृतिक र महामारी विपत्ती नभइ आन्तरिक रूपमा मानव सृजित समस्या भएकाले दातृ निकायबाट सहयोग प्राप्त हुने अवस्था सहज नभएको बताउनुभयो। "यसप्रकारको अवस्था २०३६ साल र माओवादीको द्वन्द्वको समयमा पनि देखिएको थियो, तत्कालीन समयमा भौतिक संरचनामा ठूलो क्षति पुगेको थियो, सडक, पुलमा ठूलो क्षति हुनुका साथै सञ्चार सेवा नै अवरुद्ध भएको अवस्था थियो", उहाँले भन्नुभयो, "तर अहिले त्यो अवस्था छैन, त्यसैले हामीलाई फेरि उठ्नका लागि ठूलो समस्या हुन्छ भन्ने लाग्दैन।"

अन्य मुलुकको तुलनामा नेपाल छिटो 'रिकभर' गर्ने भएकाले प्रदर्शनको लगत्तै स्थिरतातर्फ उन्मुख हुनु मुलुकका लागि सकारात्मक पक्ष भएको पूर्वसचिव खनालको भनाइ थियो। उहाँले यस प्रदर्शनले भ्रष्टाचार र कुशासन हटाउँदै शासकलाई सच्चिनका लागि पनि सन्देश दिएको बताउनुभयो।

"जेनजी पुस्ताले जुन विषय उठाएर प्रदर्शन गरे र त्यसले जुन रुप लियो, यसबाट हामीलाई भ्रष्टाचारमा शून्य सहनशिलता अपनाउन तथा आसेपासे पुँजीवादको जालो भत्काउन सहयोग गरेको छ", उहाँले भन्नुभयो, "यसले आगामी दिनमा मुलुकमा देखिएको व्याप्त भ्रष्टाचार हटाउन सहयोग पुग्छ।"

पूर्वसचिव खनालले यस प्रदर्शनले अर्थतन्त्रमा ठूलो योगदान दिएका क्षेत्रहरू रेमिट्यान्स, कृषि र पर्यटनमा त्यति धेरै समस्या नपारेकाले रिकभर हुन धेरै समय नलाग्ने बताउनुभयो। तर यसका लागि सञ्चारमाध्यमले सूचना दिँदा सत्यतथ्य र संयमित हुन जरुरी रहेको उहाँको भनाइ थियो।

"सञ्चारमाध्यम पनि संयमित हुन जरुरी छ, हिल्टन होटल जस्ता प्रकरण दोहोरिन दिनुहुन्न, राजनीतिक प्रतिशोधका कारण भाटभटेनीमा ठूलो आक्रमण भएको छ", उहाँले भन्नुभयो, "बलियो अर्थतन्त्र र समाज निर्माणमा सञ्चारमाध्यमको पनि ठूलो भूमिका हुन्छ।" उहाँले अर्थतन्त्रको गतिशिलताका लागि सूचना महत्वपूर्ण औजार भएको उहाँले बताउनुभयो। बलियो अर्थतन्त्र निर्माणका लागि समावेशिता, समान वित्तीय पहुँच र समानता कायम गर्न सक्नुपर्नेमा उहाँले जोड दिनुभयो।

त्यस अवसरमा अर्थशास्त्री डा समिर खतिवडाले जेनजी पुस्ताको प्रदर्शनले नेपाललाई कोर्स करेक्सनको अवसर दिएको टिप्पणी गर्नुभयो। "जेनजी पुस्ताको प्रदर्शनले 'क्रोनी क्यापिटालिजम'लाई भत्काउने प्रयास गरेको छ, नयाँ पुस्ताले सुशासनयुक्त समाज निर्माणका लागि सन्देश दिएको छ", उहाँले भन्नुभयो, "यो फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) को ग्रे लिस्टबाट नेपाललाई निकाल्नका लागि प्राप्त भएको अवसर पनि हो।"

अर्थशास्त्री खतिवडाले एकाध पर्यटकीय पूर्वाधारमा क्षति पुगे पनि पर्यटन क्षेत्र अझै सम्भावना भएको क्षेत्र भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र पर्यटनमा ठूलो सम्भावना छ, यद्यपि विदेशी पर्यटकको प्रवेश विन्दु त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा समस्याका कारण केही पर्यटक निरुत्साहित हुन्छन् कि भन्ने भय भने विद्यमान छ, सरकारले अन्तर्राष्ट्रिय जगतमा सकारात्मक प्रचारप्रसार गर्न आवश्यक छ।" उहाँले अबको अर्थतन्त्रमा खुला, पारदर्शी र स्वतन्त्र नीति अपनाउनुपर्नेमा जोड दिनुभयो।

अर्थशास्त्री खतिवडाले जेनजी पुस्ताको प्रदर्शनले प्रत्यक्ष विदेशी लगानीमा ठूलो असर नपर्ने बताउनुभयो। "हामीले ल्याइरहेको विदेशी लगानी कुल ग्राहस्थ्य उत्पादनको ०.३ प्रतिशत मात्रै हो, त्यो आफैमा सानो आकार भएकाले धेरै चिन्ता लिनुपर्ने अवस्था छैन, बरु अब यसलाई बढाएर कसरी तीन प्रतिशत बनाउन सकिन्छ भन्ने विषयमा काम गर्न सकिन्छ", उहाँले भन्नुभयो।

# फरार कैदीबन्दीलाई सम्पर्कमा आउन अपिल

ललितपुर, २७ भदौ (रासस)।
नक्खु कारागार प्रशासनले यही भदौ २४ गते कारागार परिसरबाट फरार भएका सम्पूर्ण कैदीबन्दीलाई तुरुन्त सम्पर्कमा आउन अपिल गरेको छ। फरार कैदीबन्दीलाई अविलम्ब उपस्थित भई प्रचलित कानुनी प्रक्रिया तथा विधिको पूर्ण परिपालना गर्न अपिल गरिएको छ।

कारागार प्रशासनले शुक्रबार जारी गरेको सार्वजनिक अपिलमा फरार अवस्थाको निरन्तरता रहँदा कानुनले तोकेको सजाय थप कडाइका साथ कार्यान्वयन गरिने चेतावनी दिँदै भविष्यमा प्राप्त हुन सक्ने कानुनी अधिकार, सुविधा तथा सामाजिक पुनःस्थापना प्रक्रियामा प्रतिकूल असर पर्न सक्ने उल्लेख गरेको छ।

"विधि, कानुन र सामाजिक उत्तरदायित्वप्रति सम्मान प्रकट गर्दै तुरुन्तै यस कारागार प्रशासनसँग सम्पर्क स्थापना गरी आत्मसमर्पण गर्न र सार्वजनिक शान्ति तथा सुव्यवस्था कायम गर्न सक्रिय सहयोग पुऱ्याउन सम्पूर्ण फरार कैदीबन्दीलाई यसै सूचनामार्फत औपचारिक रूपमा अपिल गरिन्छ," विज्ञप्तिमा भनिएको छ।

प्रशासनले सम्पर्कमा आउने कैदीबन्दीको हकहितको रक्षा गर्दै कानुनी प्रावधानअनुसार पुनःस्थापना प्रक्रियामा आवश्यक सहयोग र सहजीकरण उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

यसैबीच, सम्पर्क हुन नआएका कैदीबन्दीमाथि कारागार ऐन २०७९ र अन्य प्रचलित कानुनबमोजिम कारबाही अघि बढाइने जनाइएको छ।

# जितिया पर्वको तयारीमा मिथिलानी

महोत्तरी, २७ भदौ (रासस)।

राजनीतिक घटनाक्रमले असजिलो बनेको परिवेशबीच नै सन्तानवती मिथिलानी (मिथिलाका नारी) ले जितिया पर्वको तयारी थालेका छन्। निषेधाज्ञा र कर्फ्युका बीच मिथिला क्षेत्रका सन्तानवती महिलाले यो पर्वको तयारी थालेका हुन्।

प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष (असोज कृष्णपक्ष) सुरु हुनासाथै पुत्रवती मिथिलानी (मिथिलाका नारी) ले जितियाको चर्चा र तयारी सुरु गर्छन्। यसपक्षको अष्टमी तिथिका दिन सन्तानको कल्याण कामनाका साथ गरिने यो पर्व यसपटक आगामी आइतबार (पर्सी) परेको छ। मिथिलामा यो पर्व पौराणिक र पारम्परिक महत्वको मानिन्छ।

"पर्व आइसक्यो, तर कर्फ्यू अर्झै हटेको छैन, सरसामान जुटाउन हाटबजार आउजाउ गर्न अझै सहज भइसकेको छैन", जलेश्वर-५ चौरियाकी बासिन्दा पेसाले शिक्षक नायडु तिवारी भन्नुहुन्छ, "हामीलाई भने पर्वले छोपी सकेको छ।"

'जितिया पावनी बड भारी' (जितिया पर्व कठिन छ) मिथिलामा कठोर व्रत परम्पराको परिचय बनाएको यो पर्वका लागि मिथिलानी पितृपक्ष सुरु हुनासाथै आत्मिक, दैहिक, भावनात्मक र भौतिक तयारीमा जुट्छन्। असोज कृष्णपक्षको पितृपक्ष सुरु हुनासाथै आम मिथिलानीबीच हुने भलाकुसारीमा जितियाकै तयारीको चर्चा हुन्छ। यो पक्ष सुरु हुनासाथ मिथिलानी आफ्ना कुलपुरोहितसँग सम्पर्क गरेर व्रतको दिनको टुङ्गो गर्न व्यग्रझैं हुन्छन्।

सन्तानवती महिलाले असोज कृष्ण अष्टमीका दिन जितिया पर्वको कठोर उपवास बस्ने हिन्दू मैथिल परम्परा छ। अष्टमी सुरु हुनु एकघडी (करिब साढे दुई घण्टा) पूर्व सुरु हुने उपवास एक अहोरात्रपछि नवमी तिथि एकघडी कटाएर समापन गरिने मैथिल परम्परा छ। उपवासकै दिन रात नकटी नवमी लागेपनि एक अहोरात्र व्रत हुनैपर्ने परम्पराले भोलिपल्टको सूर्योदयपछिमात्र साङ्गता (समापन) गर्नमिल्ने स्थापित परम्पराले कहिलेकाहीँ यो पर्व ३६ घण्टा बढीको समेत गरिएको पाका मिथिलानी सम्झन्छन्। यसपालि यो पर्व ३१ घण्टा केही बढीको छ।

विद्यापति पञ्चाङ्ग र मिथिला पञ्चाङ्गका आधारमा तीर्थव्रतको टुङ्गो गरिने मैथिल परम्परा छ। यसअनुसार यसपालि आउने आइतबार बिहान ८:४४ मिनटदेखि नै अष्टमी सुरु हुनेहुँदा सो दिन जितिया व्रत गरिने मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का बासिन्दा पण्डित महेशकुमार झा बताउनुहुन्छ। यसअनुसार भोलि शनिबार मध्यरातदेखि सुरु हुने व्रत एक अहोरात्र र नवमी एकघडी कटाउँदा सोमबार बिहान ७:०० बजे समापन गर्न सकिने उहाँको भनाइ छ। यो समय गणनाले यसपालिको व्रत ३१ घण्टा हुने झाले स्पष्ट पार्नुभयो।

जितिया पर्वका बर्तालुले व्रतअघिको मध्यरातपूर्व 'ओगटन' (दर) खाएर पर्व सुरु गर्छन्। यसअनुसार यसपालिको 'ओगटन' भोलि शनिबार मध्यरातपूर्व हुनेछ। 'ओगटन' मा दहीचिउरा खाने आम चलन छ।

सन्तानको सौर्यवृद्धि र कल्याणको कामनाका लागि गरिने यो व्रत विधि कठिन भएकाले यसको चर्चा र तयारी केही दिन पहिले नै सुरु हुन्छ। यस पर्वमा निराहार व्रत सुरु गरिएपछि समापन नगरियुञ्जेल थुक निल्नु, अञ्जानमै पनि किरा, फटचाङ्ग्रा र झारपात मारिनु, चुँडिनु नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ।

प्रारम्भमा सन्तान (छोरा/छोरी)को कल्याण कामनार्थ गरिँदै आइएको यो व्रत पछिपछि पितृसत्तात्मक समाज बन्दै गएपछि पुत्रका नाउँमा हुन थालेको अहिलेका आधुनिक मिथिलानी बताउँछन्। तर अब लैङ्गिक विभेदविरुद्धका सामाजिक सचेतना अभियान बढ्दै गएपछि फेरि सन्तान (छोराछोरी) कै नाउँमा गर्ने प्रचलन बढ्दै गएको मटिहानी नगर कार्यपालिकाको कार्यालयका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख दीपा दास बताउनुहुन्छ।

मिथिलामा यो पर्व सौर्य र पराक्रमको प्रतीक मानिनछ। 'तोहर माय जितिया कैने छौ त आ भिड' (तिम्री आमाले जितिया गरेकी छन्भने आउ भिड) मिथिला क्षेत्रमा हुने झैझगडामा एकअर्कोपक्षलाई ललकार्नु पर्यो भने मैथिल यस्तै भन्छन्। यस उक्तिले पनि पर्वको महत्व झल्कने मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ।

"सन्तानको सौर्यवृद्धि र कल्याणको कामना गर्दै आँमाले गर्ने जितिया व्रतको प्रभावले नै सामाजिक इज्जत, प्रतिष्ठा र साहस प्राप्त हुने मैथिल हिन्दू जनविश्वास छ", झा भन्नुहुन्छ, "कुनै मानिस लुरे, डरछेरुवा वा हुतिहारा देखिए यसका लागि आँमाले जितिया व्रत गरिनछन् भन्ने टिप्पणी जोसुकैले गर्ने गर्छन्।" मिथिलामा यो व्रतबारे गरिने यस्ता टिप्पणीले पनि पर्वको अपरिहार्यता र महत्ता बढाएको आम मैथिल बताउँछन्।

सन्तानको कल्याण र सौर्य वृद्धिको कामनासहित मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन व्रत बस्ने परम्परा चलेको मानिन्छ। पितृपक्षमा पुरुषले दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरूले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने गरिएको मिथिलानी बताउँछन्। "हामी बर्तालु यस पर्वमा सासु, बुढीसासु, आँमा, बज्यै, बुढीबज्यै, फूपू, जेठानीदेउरानी, काकी र दिदीसहितका दिवङ्गतलाई तर्पण दिन्छौ" व्रतको तयारीमा रहेकी भङ्गाहा-४ थारुटोल बनराकी आसवती चौधरी भन्नुहुन्छ, "उनीहरूसँग सन्तानलाई स्वर्गबाट आशिर्वाद पठाइ राख्न प्रार्थना गरिन्छ।"

पर्वमा सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गरिन्छ। बर्तालुले दिवङ्गत सासु, जेठानी, बुढीसासु, नन्द-आमाजु र तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' पनि भन्ने गरिएको कर्मकाण्डी पुरोहितहरूको भनाइ छ। ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिँदै 'तिमी आफ्ना पौत्रपौत्री (नातिनातिना), प्रपौत्रप्रपौत्री (पनातिपनातिनी) र उनका सन्तानको कल्याण गर' भन्ने कामना गरिन्छ।

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिँदै आइएको यो पर्वमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी हउन् भन्ने कामना गर्छन्। अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन (देवरुप) ले आफ्नो आर्जित तपशक्तिबाट बचाइ दिएको पौराणिक कथाको आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको बूढापाका बताउँछन्।

राजा जितवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा भएकाले यसको थालनी द्वापरयुगमा नै सुरु भएको मानिन्छ। भविष्य पुराण द्वापरको अन्त्यतिर रचना भएको मानिदा यसलाई सो समयमै थालिएको मान्न सकिने जलेश्वर-४ सुगाभवानीपट्टीका बासिन्दा पूर्वप्रशासक ८७ वर्षीय कृष्णचन्द्र झाको भनाइ छ। यसक्षेत्र (मिथिला)का सबैजसो सन्तानवती मैथिल हिन्दू महिलाले मनाउने यो पर्वमा तीजजस्तै महिलाका लागि मधेस प्रदेश सरकारले बिदा दिँदै आएको छ।

# नवनिर्माण र पुनःनिर्माणमा जुट्न निजी क्षेत्रद्वारा अपिल

काठमाडौँ, २७ भदौ (रासस)।

'जेन-जी' आन्दोलनका क्रममा देशभर भएको जनधनको क्षतिप्रति निजी क्षेत्रका छाता संस्थाहरूले दुःख व्यक्त गर्दै तत्काल नवनिर्माण र पुनःनिर्माणमा जुट्न सार्वजनिक अपिल गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घले शुक्रबार विज्ञप्ति जारी गर्दै आन्दोलनका क्रममा भएका आगजनी तथा तोडफोडबाट अपूरणीय क्षति भएकामा दुःख व्यक्त गरेको छ। महासङ्घले निर्बाध पेसा-व्यवसाय सञ्चालनका लागि आवश्यक सुरक्षा माग गर्दै निजी क्षेत्रले बजारमा उपयोग्य वस्तुको अभाव हुन नदिन व्यवसायीलाई आग्रहसमेत गरेको छ।

"उद्योग, प्रतिष्ठान, कार्यालय एवं निवासमा समेत तोडफोड एवं आगजनीका घटना भएका छन्। यसरी व्यक्तिगत एवं व्यावसायिक सम्पत्तिमाथि भएका तोडफोडका घटनाको महासङ्घ भर्त्सना गर्दछ। साथै महासङ्घ व्यावसायिक एवं व्यक्तिगत सम्पत्तिमाथि आगामी दिनमा आक्रमण नहुने सुनिश्चितताका लागि सबैको ध्यानाकर्षण गराउन चाहन्छ", विज्ञप्तिमा भनिएको छ, "उद्योग व्यवसाय प्रतिष्ठानमा मुलुकभर नै अर्बौं रुपैयाँ बराबरको क्षति भएको छ। यसबारे महासङ्घले थप विवरण सङ्कलन गरिरहेको भएता पनि क्षतिका कारण राजस्व र कुल गार्हस्थ्य उत्पादनमै गम्भीर असर पर्ने प्रारम्भिक आकलन गरिएको छ।"

देशको समुन्नतिका लागि अन्यौल अन्त्य भएर सुशासन कायम गर्ने कार्यमा समन्वय एवं सहकार्य गर्न निजी क्षेत्र तयार रहेको पनि महासङ्घले जनाएको छ। उद्यम व्यवसाय सञ्चालनका लागि सुरक्षाको प्रत्याभुति गरिनुपर्ने उहाँको भनाइ छ। "नवनिर्माण एवं पुनःनिर्माणका लागि आगामी दिनमा आवश्यक पर्ने बजेटको मुख्य स्रोत निजी क्षेत्र रहेको हुँदा उद्यम व्यवसायको निर्वाध सञ्चालन गर्न आवश्यक शान्तिसुरक्षाको व्यवस्थाका लागि महासङ्घ आग्रह गर्दछ", विज्ञप्तिमा भनिएको छ,"निजी क्षेत्रका गतिविधि निर्वाध रूपमा सञ्चालन हुन नसकेमा अर्थतन्त्रमा थप समस्या हुने र आगामी दिनमा राजस्वमा समेत नकारात्मक प्रभाव पर्न जानेछ।"

निषेधाज्ञा एवं कर्फ्यूका समयमा अत्यावश्क सेवा तथा पेसाकर्मीको आवतजावत एवं औषधि, खाद्यान्न, दुध, पानी फलफूल तरकारी, पेट्रोलियम पदार्थ आदिको ओसारपसार सहजीकरणका लागि पनि महासङ्घले आग्रह गरेको छ। यसैगरी, गुणस्तरीय सामानको नियमित आपूर्ति गरी बजारमा अभाव सिर्जना हुन नदिनेतर्फ देशैभरका उद्यमी व्यवसायीलाई अपिल गरिएको छ। अत्यावश्यक सामान आयात-निर्यातका लागि भन्सार नाकामा सुरक्षा दिई पुनः सञ्चालन गर्ने वातावरण निर्माणका लागि पनि महासङ्घले आग्रह गरेको छ।

यस्तै, नेपाल चेम्बर अफ कमर्सले बिहीबार प्रेस विज्ञप्तिमार्फत आन्दोलनका क्रममा औद्योगिक र व्यावसायिक क्षेत्रमा गम्भीर क्षति भएको जनाउँदै वर्तमान चुनौतीपूर्ण परिस्थितिमा संवाद, सहकार्य र संयमता अपनाउन सरोकार भएका निकायको ध्यानाकर्षण गराएको छ। भ्रष्टाचार निवारण, सुशासन कायम, राज्य संयन्त्रको पारदर्शिता, रोजगारी सिर्जना र सरकारी सेवामा नागरिकको सहज पहुँच जस्ता 'जेनजी'ले उठाएका विषयलाई सबै सरोकार भएकाले गम्भीरतापूर्वक लिनुपर्ने चेम्बरले अवश्यकता औंल्याएको छ।

"आन्दोलनका क्रममा भएको जनधनको क्षतिले देशमा थप निराशा फैलाउने, औद्योगिक तथा व्यावसायिक वातावरण खलबल्याउने र लगानीमैत्री वातावरणमा प्रतिकूल असर पार्ने भएकाले सबै सरोकारवाला पक्ष संयमित बनेर निकास खोज्नुपर्ने आवश्यकता छ", विज्ञप्तिमा उल्लेख छ,"आगामी दिनमा यस्ता खाले घटना दोहोरिन नदिन सरोकार भएका पक्ष र जेनजी पुस्ताका युवाहरूलाई संवाद र रचनात्मक सहकार्यमार्फत दीर्घकालीन समाधान खोज्न हामी आह्वान गर्दछौं। साथै, मुलुकको समग्र विकासमा सबै पक्षको सक्रिय सहभागिता पनि अपरिहार्य छ।"

यस्तै, नेपाल ट्रक यातायात व्यवसायी महासङ्घले प्रेस विज्ञप्ति जारी गर्दै विगत केही दिनदेखि मुलुकभर यातायात ठप्प हुँदा दैनिक उपभोग्य सामग्री, कच्चापदार्थ, औद्योगिक उत्पादनदेखि औषधि आपूर्तिसमेत गम्भीर रूपमा प्रभावित भएको जनाएको छ। यसले व्यवसायी, चालक, सहचालक र मजदुरहरूको जीविकामा सङ्कट ल्याएको र नागरिक असाधारण कठिनाइमा परेको पनि महासङ्घले जनाएको छ। यातायात व्यवसायीलाई राज्यले पूर्ण कानुनी सुरक्षा दिनुपर्ने मागसमेत गरिएको छ।

## विश्व समाचार

### ट्रम्पको दबाबले हामीलाई असर पार्दैन : नोबेल समिति

ओस्लो, २७ भदौ (रासस/एएफपी)।

आगामी नोबेल शान्ति पुरस्कार घोषणाअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाव र अभियानबारे बढ्दो चर्चा भए पनि नर्वेली नोबेल समितिले आफ्नो स्वतन्त्रतामा कुनै असर नपर्ने स्पष्ट पारेको छ।

जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्पले यो प्रतिष्ठित सम्मान प्राप्त गर्ने इच्छा खुलेर व्यक्त गर्नुभएको छ। ७९ वर्षीय अर्बपति ट्रम्पले गाजा र युक्रेनमा शान्ति ल्याउने प्रयास गरेको दाबी गर्दै आफू 'पुरस्कारको योग्य' भएको बताउनुभएको छ। उहाँले बारम्बार सन् २००९ मा तत्कालीन राष्ट्रपति बाराक ओबामाले अप्रत्याशित रूपमा पुरस्कार पाएको उदाहरण पनि दोर्‍होयाउनुभएको छ।

"विशेष उम्मेदवारहरूप्रति मिडियाले धेरै ध्यान दिएको देखिन्छ, तर यसले समितिको छलफललाई प्रभावित गर्दैन", समितिका सचिव क्रिस्टियन बर्ग हार्पभिकेनले एएफपीलाई भन्नुभयो, "समितिले प्रत्येक नामाङ्कनलाई आफ्नै योग्यताको आधारमा विचार गर्छ।"

यस वर्षको विजेता अक्टोबर १० मा घोषणा गरिनेछ। समितिलाई हजारौं योग्य व्यक्तिद्वारा तीन सय ३८ उम्मेदवार र संस्थाको लामो सूची पेश गरिएको छ। सूची ५० वर्षसम्म गोप्य रहने प्रावधान छ।

ट्रम्पले आफूलाई विदेशी नेताहरूले मनोनित गरेको दाबी गर्नुभएको छ, तर जनवरी ३१ सम्म नामाङ्न पेश गर्नुपर्ने भएकाले ती मनोनयन यस वर्षका लागि वैध नभएका हुन सक्छन्।

"समितिले यसबारे कुनै टिप्पणी नगरे पनि नामाङ्कन हुनु मात्र ठूलो उपलब्धि होइन, विजेता बन्नु नै असली उपलब्धि हो", हार्पभिकेनले भन्नुभयो।

समितिले अघिल्ला वर्षहरूमा पनि अन्तर्राष्ट्रिय दबाब नमान्ने देखाएको छ। सन् २०१० मा चिनियाँ असन्तुष्ट लिउ सियाओबोलाई पुरस्कार दिँदा नर्वे-चीन सम्बन्धमा गहिरो तनाव आएको उदाहरण समितिले स्मरण गराएको छ।

नर्वे बहुपक्षवादमा दृढ रहेको भए पनि ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिले उल्टो सन्देश दिएको भन्दै विज्ञहरूले उहाँको सम्भावना न्यून देखेका छन्।

नर्वेजियन इन्स्टिच्युट अफ इन्टरनेसनल अफेयर्सका अनुसन्धान निर्देशक हलवार्ड लिराले भन्नुभयो, "यस्तो दबाव प्रायः प्रत्युत्पादक हुन्छ। यदि समितिले अब ट्रम्पलाई पुरस्कार दियो भने, स्वतन्त्रता गुमाएको आरोप लाग्नेछ।"

अगस्टमा तीन नोबेल इतिहासकारले पनि ट्रम्प योग्य नभएको ठहर गर्दै उहाँको पुटिनप्रतिको प्रशंसा र युक्रेन युद्धबारेको अडानलाई प्रमुख कारणको रूपमा औंल्याएका थिए। उनीहरूले लेखेका थिए, "नोबेल समितिले ट्रम्पलाई पुरस्कार दिन भने आफ्नो दिमाग गुमाउनु पर्ने हुन्छ।"

### जापानमा शतायुको सङ्ख्या झण्डै एक लाख, ९० प्रतिशत महिला

टोकियो, २७ भदौ (रासस/एएफपी)।

जापानमा १०० वर्ष वा सोभन्दा बढी उमेर पुगेका व्यक्तिहरूको सङ्ख्या झण्डै एक लाखको ऐतिहासिक उचाइमा पुगेको छ। यो सङ्ख्याको करिब ९० प्रतिशत महिला रहेको स्वास्थ्य मन्त्रालयले शुक्रबार प्रकाशित तथ्याङ्कले देखाएको छ।

यो तथ्याङ्कले विश्वको चौथो ठूलो अर्थतन्त्र जापानमा तीव्र बुढ्यौली र घट्दो जनसङ्ख्याले उत्पन्न गरेको गम्भीर जनसाङ्ख्यिकीय सङ्कटलाई झल्काएको छ।

सेप्टेम्बर १ सम्म देशमा ९९ हजार सात सय ६३ जना शतायु मानिस रहेका छन्। तीमध्ये चार हजार छ सय ४४ जनाको उमेर १०५ वर्षभन्दा माथि छ, जसमा महिलाको हिस्सा ८८ प्रतिशत छ।

जापानकी सबैभन्दा वृद्ध व्यक्ति नारा क्षेत्रमा बस्ने ११४ वर्षीया शिगेको कागावा हुनुहुन्छ। उहाँ ८० वर्षसम्म प्रसुति-स्त्रीरोग विशेषज्ञ र सामान्य चिकित्सकका रूपमा सक्रिय हुनुहुन्थ्यो।

"घर-घरमा कल गर्ने क्रममा धेरै हिँड्ने गरें, जसले मेरा खुट्टा बलिया बनायो। यही मेरो जीवनशक्तिको आधार हो", कागावाले मन्त्रालयमार्फत भन्नुभयो। उहाँ अझै टिभी हेर्ने, पत्रिका पढ्ने र सुलेखन अभ्यास गर्ने गर्नुहुन्छ।

विश्वकै सबैभन्दा वृद्ध व्यक्ति भने बेलायती महिला एथेल क्याटरहम हुनुहुन्छ। उहाँ अगस्टमा ११६ वर्षकी हुनुभयो। केही महिनाअघि ब्राजिलकी नन इना क्यानाबारो लुकासको निधनपछि उहाँलाई यो उपाधि दिइएको हो।

जापानमा वृद्ध जनसङ्ख्या बढ्दै जाँदा स्वास्थ्य सेवा र सामाजिक सुरक्षामाथि दबाव बढेको छ भने सङ्कुचित श्रमशक्तिले त्यसलाई धान्न गाह्रो बनाएको छ। आधिकारिक तथ्याङ्अनुसार सन् २०२४ मा मात्र जापानी नागरिकहरूको सङ्ख्या नौ लाखभन्दा बढीले घटेको थियो।

प्रधानमन्त्री शिगेरु इशिबाले यसलाई 'शान्त आपत्काल' भन्दै जनसङ्ख्या ह्रास उल्टाउन लचिलो कार्यसमय र निःशुल्क डे केयर–लागू गर्ने जस्ता परिवारमैत्री नीतिहरूको वाचा गर्नुभएको छ। तर, अहिलेसम्म ती प्रयासहरूले उल्लेखनीय परिणाम दिन सकेका छैनन्।

# आपराधिक गतिविधि भएमा टोल फ्रि नं १११४ मा जानकारी गराउन अनुरोध

काठमाडौं, २७ भदौ (रासस)।

सशस्त्र प्रहरी बल, नेपालले आपराधिक गतिविधि भएको पाइएमा आफ्नो टोल फ्रि नं १११४ वा अन्य सुरक्षा निकायमा तुरुन्त जानकारी गराई सहयोग गर्न अनुरोध गरेको छ।

प्रधान कार्यालयले शुक्रबार विज्ञप्ति जारी गर्दै हालको विषम परिस्थिति सामान्यीकरण हुँदै जाने क्रममा केही व्यक्ति वा समूहले विभिन्न आपराधिक गतिविधि गर्नसक्ने भन्दै त्यस्तो भएमा वा भएको देखेमा खबर गर्न आग्रह गरेको हो।

विज्ञप्तिमा भनिएको छ, "सञ्चारमाध्यम तथा सामाजिक सञ्जालबाट तथ्यहीन भ्रामक प्रचारप्रसार गर्ने र परिस्थितिको अनुचित फाइदा उठाइ सीमा अपराधलगायत लुटपाट, आगजनीजस्ता कार्यमा संलग्न भई आपराधिक गतिविधि हुनसक्ने जनाउँदै त्यसबारे टोल फ्रि नं १११४ मा जानकारी गराउन अनुरोध छ।"

यसैगरी राष्ट्रमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न जुनसुकै विषम् परिस्थितिमा पनि सशस्त्र प्रहरी बल देश र जनताको सेवामा प्रतिबद्ध रही पूर्ण संयमताका साथ परिचालन भइरहेको पनि जनाइएको छ।

प्रहरी बलले राज्यद्वारा सुम्पिएको मुख्य कार्यदिशाअन्तर्गत सीमा सुरक्षामा आफ्नो जिम्मेवारीबाट विचलित नभई अन्तरराष्ट्रिय सीमाबाट हुनसक्ने कुनै पनि किसिमको सीमा अपराध, घुसपैठ तथा अतिक्रमणजस्ता कार्य नियन्त्रण गर्न प्रभावकारी रूरूपमा परिचालन हुँदै आइरहेको पनि जनाएको छ। यसका लागि सीमामा खटिएका समकक्षीलगायत सरोकार भएका अन्य निकायसँग निरन्तर समन्वय भइरहेको पनि विज्ञप्तिमा उल्लेख छ।

# शान्तिसुरक्षा कायम गर्न मानव अधिकार प्रतिष्ठानको माग

काठमाडौँ, २७ भदौ (रासस)।

राष्ट्रिय मानव अधिकार प्रतिष्ठानले लोकतन्त्र, मानव अधिकारको रक्षामार्फत मुलुकमा चाँडै शान्ति, सुरक्षा, अमनचयन, आपसी सद्भाव कायम राख्न माग गरेको छ।

लोकतन्त्र र मानव अधिकारको सम्मान एवं सुनिश्चत गर्न राष्ट्रपति, आन्दोलनरत पक्ष, नेपाली सेना, राजनीतिक दल, नागरिक समाज र सम्बन्धित सबै पक्षसमक्ष प्रतिष्ठानले जोडदार माग गरेको हो।

प्रतिष्ठानका अध्यक्ष भवानीप्रसाद खरेलले बिहीबार जारी गर्नुभएको वक्तव्यमा जेनजी प्रदर्शनका क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीहरू घाइते भएका घटनाको निष्पक्ष छानबिन गर्न पनि माग गरिएको छ।

प्रदर्शनकारीहरुले मन्त्रालय, अदालत तथा सरकारी कार्यालयहरूमा रहेका अभिलेख, दस्तावेज र महत्वपूर्ण कागजातहरु जलेर नष्ट भएकाले यसमा संलग्नलाई पनि छानबिन गरी कारबाही गर्न माग गरिएको छ।

प्रहरी हिरासत र जेलमा रहेका हजारौं कैदीबन्दी जेल तोडेर हिंडेकाले सर्वसाधारणको शान्ति सुरक्षामा थप चुनौती देखिएको एवं देशका विभिन्न भागमा लुटपाटका घटना बढेकाले नागरिकहरू डर, त्रास एवं भयको अवस्थामा रहेकाले छिटो शान्ति, सुरक्षाको व्यवस्था गर्न पनि विज्ञप्तिमा माग गरिएको छ।

आन्दोलनका क्रममा भएको नरसंहार, तोडफोड, आगजनी, लुटपाट, भौतिक आक्रमण र अन्य त्रासदिपूर्ण काम कारबाही नितान्त आपराधिक र जघन्य अपराध भएकाले यसलाई कुनै पनि बहानामा ढाकछोप नगर्न नहुनेमा प्रतिष्ठानले जोड दिएको छ। यी सबै घटनाको छानबिनका लागि उच्चस्तरीय न्यायिक जाँच आयोग गठन गरी प्राप्त सुझावका आधारमा सत्ताको दुरुपयोग गर्ने र विध्वङ्समा संलग्नलाई हदैसम्मको कारबाही गरिनुपर्ने माग पनि अध्यक्ष खरेलको छ।

# हालसम्म एक हजार ५६७ कैदीबन्दी र थुनुवा नियन्त्रणमा, १३ हजारभन्दा बढी फरार

काठमाडौं, २७ भदौ (रासस)।

जेनजीका नाममा भएको प्रदर्शनका क्रममा देशभरका विभिन्न कारागार र प्रहरी कार्यालयबाट भागेका झण्डै १५ हजार कैदीबन्दी र थुनुवामध्ये बिहीबार राति ८ बजेसम्म एक हजार ५६७ जनालाई नियन्त्रणमा लिइएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेका अनुसार नियन्त्रणमा लिइएकाहरुलाई सम्बन्धित कारागार र थुनुवा कक्षमा राखिएको छ। यसरी नियन्त्रणमा लिइएकामा कैदीबन्दी एक हजार ५०९ जना र थुनुवा ५८ जना रहेका छन्। अझै १२ हजार ५३३ जना कैदीबन्दी फरार रहेका पनि प्रवक्ता घिमिरेले बताउनुभयो। उहाँले ७९५ जना थुनुवा पनि फरार रहेकाले खोजी जारी रहेको बताउनुभयो।

बिहीबारै प्रहरी प्रधान कार्यालयले यसरी फरार भएकालाई सम्बन्धित कारागार र प्रहरी कार्यालयहरुमा सम्पर्कमा आउन सार्वजनिक अनुरोध गरिसकेको छ। उनीहरु सबै आगजनी तोडफोड गरी फरार भएका थिए।

# सेप्टेम्बर ८ पछि भिसा सकिएका पर्यटकलाई निःशुल्क भिसा अनुमति दिइने

काठमाडौँ, २७ भदौ (रासस)।

अध्यागमन विभागले सेप्टेम्बर ८ पछि भिसा सकिएका पर्यटकको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाटै निःशुल्क भिसा नियमित गर्ने भएको छ।

विभागका निर्देशक टीकाराम ढकालले एक विज्ञप्ति जारी गर्दै नेपालमा पछिल्लो विकसित घटनाक्रमका कारण भिसा अवधि थप गर्न नसकेका विदेशी नागरिकमा पर्न गएको असुविधाप्रति विभाग संवेदनशील भएर अध्यागमन कार्यालयबाटै भिसा अनुमति दिने बताउनुभयो।

उहाँका अनुसार सेप्टेम्बर ८ सम्मको भिसा मान्य भएका र कर्फ्यु आदेश लागू भएको अवधिमा प्रस्थान गर्नुपर्ने विदेशी नागरिकलाई प्रस्थान गर्ने बिन्दुमा अध्यागमन कार्यालयबाट अतिरिक्त शुल्क नलिइ भिसा नियमितीकरण र बाहिर निस्कने अनुमति दिइनेछ।

त्यसैगरी यस अवधिमा राहदानी हराउने र सम्बन्धित दूतावासबाट ट्राभल डकुमेन्ट वा आपतकालीन राहदानी लिइसकेका विदेशी नागरिकका लागि भिसा स्थानान्तरणको पनि आवश्यक व्यवस्था मिलाइएको छ।

यस्तो अवस्थामा उनीहरुको भिसा विद्यमान नियमनअनुसार हस्तान्तरण गरिनेछ र सम्बन्धित अध्यागमन कार्यालयबाटै भिसा नियमितीकरण र बाहिर निस्कने अनुमति दिइनेछ। अध्यागमन विभागको यो सूचनालाई नेपाल पर्यटन बोर्डले अद्यावधिक गर्दै पर्यटक आवागमन सहजीकरण भइरहेको उल्लेख गरेको छ।

विमानस्थलबाट पर्यटकलाई होटलसम्म पुऱ्याउने र त्यहाँबाट विमानस्थल पुऱ्याउनका लागि सटल बसको व्यवस्था गरिएको बोर्डले जनाएको छ।

पर्यटकलाई कुनै पनि समस्या परेका खण्डमा बोर्डले कर्मचारीलाई सम्पर्क नम्बरसहित २४सै घण्टा तैनाथ गरिएको पनि उल्लेख गरेको छ। जेनजीको प्रदर्शनका कारण यही भदौ २४ गते दिउँसो १४:३० बजेदेखि बन्द विमानस्थल २५ गते बुधबार दिउँसो १४:३० बजे खुलाइएको थियो। बुधबार साँझदेखि अन्तरराष्ट्रिय उडान सञ्चालन भयो भने बिहीबार बिहानैदेखि आन्तरिक उडान पनि नियमित रुपमा सञ्चालन भइरहेको छ।

# भ्रामक समाचारमा विश्वास नगर्न सेनाको आग्रह

काठमाडौं, २७ भदौ (रासस)।

नेपाली सेनाले भ्रामक र झुटा समाचारमा विश्वास नगर्न सबैलाई आग्रह गरेको छ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले शुक्रबार एक विज्ञप्ति जारी गरी विद्यमान परिस्थितिमा सेनालाई जोडेर विभिन्न प्रकारका टीकाटिप्पणी, धारणा र विश्लेषण सम्प्रेषण भएको भन्दै यस्तो आग्रह गरेको हो।

सेनाले आफ्नो धारणा र गतिविधि नियमित रूरूपमा प्रेस विज्ञप्ति, प्रेस नोट र आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्दै आएको जनाएको छ। साथै सेनासम्बन्धी सूचना आदानप्रदानका लागि सूचना निर्देशनालयलगायत स्थानीय स्तरमा पृतना हेडक्वार्टरसँग समन्वय गर्न सकिनेसमेत जानकारी गराइएको छ।

यसका लागि पूर्वी क्षेत्र (ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ, सुनसरी, खोटाङ, उदयपुर, सोलुखुम्बु, ओखलढुङ्गा) का लागि मोबाइल नं ९८५२०८१७०४, मध्यपूर्वी क्षेत्र (सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, रामेछाप र दोलखा) का लागि मोबाइल नं ९८५४०२०७७२, मध्य क्षेत्र (रसुवा, नुवाकोट, मकवानपुर, धादिङ, चितवन)का लागि मोबाइल नं ९८६३०२८८८४ र पश्चिम क्षेत्र (गोरखा, तनहुँ, स्याङ्जा, पर्वत, कास्की, मनाङ, लम्जुङ, बाग्लुङ, म्याग्दी र मुस्ताङ) का लागि मोबाइल नं ९८५६०११४३९ मा सम्पर्क गर्न सकिने विज्ञप्तिमा उल्लेख छ।

यसैगरी, मध्यपश्चिम क्षेत्र (नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रुपन्देही, पाल्पा, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, दाङ, प्यूठान, रोल्पा, सल्यान, रुकुम पूर्व र रुकुम पश्चिम)का लागि मोबाइल नं ९८६३०२९१३७, उत्तर पश्चिम क्षेत्र (बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, कालीकोट, जुम्ला, डोल्पा, मुगु र हुम्ला)का लागि मोबाइल नं ९८६३०२९१७७, सुदूरपश्चिम क्षेत्र (कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, दार्चुला र बझाङ) का लागि मोबाइल नं ९७६२३०६५६१ र उपत्यका क्षेत्र (काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक)का लागि मोबाइल नं ९८६०११३६२२ मा सम्पर्क गर्न सकिने जनाइएको छ।

# आइतबारदेखि सर्वोच्च अदालतले नियमित सुनुवाइ गर्ने

काठमाडौं, २७ भदौ (रासस)।


सर्वोच्च अदालतले यही भदौ २९ गतेदेखि नियमित सुनुवाइ गर्ने भएको छ। अदालतले बन्दी प्रत्यक्षीकरणका निवेदन पनि सोही दिनदेखि नै दर्ता गर्ने जनाएको छ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको अध्यक्षतामा बिहीबार भएको आकस्मिक बैठकले उक्त निर्णय गरेको हो। बैठकले यही भदौ २३ र २४ मा भएका घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

सर्वोच्चले जारी गरेको विज्ञप्तिमा आन्दोलनका क्रममा सर्वोच्चसहित देशभरका अदालतमा आगजनी, ढुङ्गामुढा, तोडफोड र लुटपाट हुँदा भवन, उपकरण, सवारीसाधन तथा ऐतिहासिक दस्तावेजहरूमा क्षति भएको जनाउँदै देशको न्यायिक इतिहाससँग सम्बन्धित महत्वपूर्ण अभिलेखहरू करिब नष्ट हुन पुगेकामा गहिरो पीडा प्रकट गरिएको छ।

"जे जस्तो अवस्था र परिस्थिति भए पनि न्यायको मार्गमा अविचलित र दृढ रहदै आम नागरिकको न्यायप्रतिको अपेक्षालाई सम्बोधन गर्न यथाशीघ्र अदालतहरु सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्दछौं," विज्ञप्तिमा भनिएको छ।

बैठकले भदौ २३ र २४ गतेका घटनामा ज्यान गुमाएकाहरुप्रति दुःख व्यक्त गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको छ। साथै, घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*